# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
भोजपुर नगरपालिकाको कार्यालय, भोजपुर ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट भोजपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.७५ लाख २५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२४ लाख ८५ हजार र पेश्की रु.३० हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना पन्ध्र(१५) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# भोजपुर नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ नम्बर प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १२ वडा, ६३ जना नगरसभासद, १५९.६२ वर्ग कि.मी.क्षेत्रफल र २८१०० जनसख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| क सं | आय तर्फ | | | क.सं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | यस आ.व.को रु. | | विवरण | | यस आ.व.को रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | **३६१०१५५७.७६** | १ | **चालू खर्च** | | **२५५०५३९१४.७६** |
| | नगद | ५०८४८.६० | | २ | **पूजिगत खर्च** | | **१९२३१७४३७.००** |
| | बैंक | ३६०५०७०९.१६ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१०९१८७८९.५५** | | ऋण भुक्तानी | ०.०० | |
| | आन्तरिक राजस्व | १०९१७७८९.५५ | | | ब्याज भुक्तानी | ०.०० | |
| | राजस्व बाँडफाँड | | | | अन्य भुक्तानी | ०.०० | |
| | अन्य आय आन्तरिक कोष | १०००.०० | | ४ | **लगानी** | ०.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **३७२१०४०००.००** | | ऋण लगानी | ०.०० | |
| | वित्तीय समानीकरण अनुदान | २०९१०८०००.०० | | | शेयर लगानी | ०.०० | |
| | सशर्त अनुदान | १६२९९६०००.०० | | | अन्य लगानी | ०.०० | |
| | समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता खर्च** | | **३६५७४७.००** |
| | विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| | | | | ७ | **वजेट खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१८०००००.००** | ८ | **वजेट फिर्ता प्रदेश सभा** | | |
| | वित्तीय समानीकरण अनुदान | | | ९ | **वजेट फिर्ता को.ले.नि.का.** | | **१३२११९०२.७४** |
| | सशर्त अनुदान | १८०००००.०० | | | शशर्त अनुदान | **१००२६१०२.७४** | |
| | समपूरक अनुदान | | | | सामाजिक सुरक्षा | **३१८५८००.००** | |
| | विशेष अनुदान | | | १० | **मौज्दात** | | **२२९७८७५५.३०** |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | नगद मौज्दात | ६९०८६.५५ | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ती** | | | ११ | **बैंक मौज्दात** | **१७६४८२१९.२६** | |
| | ऋण प्राप्ती | | | | स्थानिय संचित कोष | | |
| | साँवा प्राप्ती | | | | धरौटी | **५२६१४४९.४९** | |
| | ब्याज प्राप्ती | | | | | | |
| | अन्य प्रप्ती | | | | | | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | ६२११३३८.०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | **५११६४८७५.००** | | | | |
| १० | **धरौटी आय** | | **५६२७१९६.४९** | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | ४८३९२७७५६.८० | | **जम्मा** | | ४८३९२७७५६.८० |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । यस प्रणालीमा देखिएका अन्य कमि कमजोरी निम्नानुसार रहेका छन् :<br>• नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसाय, सवारी, मनोरञ्जन,जस्ता व्यवसायहरुको अभिलेख राख्ने र करहरु उठाउने नगरेको ।<br>• सार्वजनिक खरिद ऐन नियमावलीको खरिद पद्धतिका सिमाहरु छल्ने उद्देश्यले उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको ।<br>• योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको ।<br>• एउटै योजनाको कार्य उपभोक्ता समिति र निर्माण व्यवसायीबाट समेत हुने गरेको, उपभोक्ता समितिको रनिङ विल अनुसारको नापि किताब बनाउने सबै रनिङ विलको एकिकृत नापि किताबमा अभिलेख तयार नभएकोले निर्मित संरचनाको लागत तथा भौतिक स्थितीको यथार्थ यकिन हुन सक्ने अवस्था नरहेको ।<br>• महालेखा नियन्त्रकको कार्यालयबाट उपलब्ध भएको लेखा अभिलेख सफ्टवेयर SUTRA सञ्चालन नभएको ।<br>• जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट हेभि मेशिन उपकरण प्रयोग गरी सञ्चालन गर्ने गरेको हेभि, मेशिन उपकरण प्रयोग गर्न प्राविधिकको सिफारिस र कार्यालयको सहमति नलिएको ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) अनुसार खर्चको सार्वजनिक स्थानमा टाँस तथा सामाजिक परीक्षण हुने नगरेको ।<br>• खरिद योजना बनाउने नगरेको ।<br>• भुक्तानी जनाउने छाप लगाउने नगरेको ।<br>• कार्यक्रमगत खर्च खाता  र शिर्षगत खर्चको विवरण नराखेको ।<br>• कार्यालयमा प्राप्त नगद भोलिपल्ट नै दाखिला गर्नुपर्नेमा नगरेको र आम्दानीका म.ले.प.फा.नं.हरु आम्दानी गर्दा प्रयोगमा नल्याएको ।<br>• योजना, सम्झौता, टिप्पणी र सम्पन्न योजनामा मिति खुल्ने नगरेको ।<br>• आयोजनाको नापजाँच र फरफारक नगरसभाले गर्ने नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को १२ बमोजिम सम्पन्न योजनाको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नगरेको ।<br>• खर्चका विल भरपाईको तेरिज बनाउने नगरेको ।<br>• म.ले.प फा.नं. २ नराखेको ।<br>• मू.अ.कर सहितको रकम जिन्सी श्रेस्तामा नचढाएको ।<br>• उपभोक्ता समितिवाट गरेको कार्यमा प्यान तथा भ्याट विल प्रयोग नगरी इष्टिमेट र ठाडो भरपाईका आधारमा भुक्तानी गर्ने गरेको ।<br>• पेश्कीका विस्तृत विवरण नखुलाई पेश्की दिने गरेको र पेश्कीको अद्यावधिक अभिलेख राख्ने नगरेको ।<br>• समयमा नै अख्तियारी दिने नगरेको ।<br>• सर्शत/निशर्त आन्तरिक आम्दानी खर्चको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या गरी लेखा अद्यावधिक गर्ने नगरेको ।<br>• लेखा राख्ने र आन्तरिक लेखापरीक्षण गर्ने एकै व्यक्ति भएकोले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नदेखिएको । | |
| २. | **जिम्मेवारी** - महालेखा परीक्षकको गतवर्षको प्रतिवेदन अनुसार रु ३४७०४८८२।१६ जिम्मेवारी सार्नु पर्नेमा नगरपालिकाले यसवर्ष गतवर्षको मौज्दात जिम्मेवारी निम्नानुसार रु ३६१०१५५७।७६ सारेको छ । म.ले.प. | |

| | | |
|---|---|---|
| | प्रतिवेदनले औल्याए भन्दा वढी रु १३९६६७४।८४ फरक परेको कारण नगरपालिकाले एकीन गरी हिसाव मिलान भिडान गर्नुपर्दछ रु. | १३९६६७४.८४ |
| ३. | **आम्दानी तथा खर्च शीर्षक सम्वन्धमाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ (२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय र व्यय वर्गिकरण तथा खर्च शीर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था रहेको छ । यसवर्ष नगरपालिकाले आन्तरिक आय रु १०९१७७८९।५५ प्राप्त गरेको देखाएको छ । नगरपालिकाले आम्दानीका शीषकहरु वर्गीकरण गरी कोष खातामा जम्मा गरेको भएतापनि नगरपालिका तथा वडावाट के कति आम्दानी हुनु पर्नेमा के कति आम्दानी भयो र आम्दानी भए मध्ये  नगद वाकी छ छैन अभिलेख अध्यावधिक गराउन नगरपालिकावाट आन्तरिक नियन्त्रण गर्नुपर्दछ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । यसले गर्दा, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका गाउँविकास समिति र साबिकका गाउ विकास समिति र विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| | **समानीकरण पूजीगत :** | |
| ७. | **बार्षिक प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रियस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । उपलब्ध गराएको विवरणमा भौतिक प्रगतिको स्थिति उल्लेख नगरी वित्तीय प्रगतिका मात्र विवरण दिएबाट भौतिक प्रगतिको वास्तविक स्थिति यकिन गर्न सकिएन । वित्तीय लक्ष्य अनुसार प्रगति हुन नसकेका योजनाहरुको स्थिति निम्न अनुसार छ : (तलको तालिका) | |

| क.स | क्रियाकलापको नाम | बार्षिक लक्ष्य | | प्रगति | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | इकाई | परिमाण | |
| १. | अस्तेक यलम्वर चोकबाट वडा नं १२ जाने सडक | रु | २५७३ | रु | ९८८ | ३८.३८ |
| २. | अपाङ्ग लक्षित कार्याक्रम वडा नं. ११ | रु | ३५ | रु | ० | ० |
| ३. | स्वास्थ्य चौकी भवन निर्माण वा नं ३ | रु | २८८ | रु | ० | ० |
| ४. | लालिगुरास कन्चनजंघा कृषि सडक | रु | ११५० | रु | ० | ० |
| ५. | भोजपुर नगरपालिका कार्यालय भवन | रु | १७७०७ | रु | १२६५१ | ७१.४४ |
| ६. | कोटडाडा देखि कात्तिका मन्दिर जाने वाटो स्तोरोन्नती | रु | ५८ | रु | ४३ | ८५ |
| ७. | ज्योति पुस्तकालय मर्मत वडा नं. ६ | रु | ५८ | रु | ३५ | ६९.८१ |
| ८. | नगर गुरु योजना तयारी | रु | २५०० | रु | ० | ० |

उपर्युक्त लक्ष्य प्रगति विवरण अनुसार कार्यालयले कार्यक्रम सञ्चालन नै नभएका योजनाको लक्ष्य प्रगति विवरणमा समावेश गरेको छैन । संचालित योजनाहरुको भौतिक तथा वित्तीय प्रगति तोकिएको अनुसुचिमा तयार गर्नुपर्दछ ।

८. **चौमासिक खर्च–** कार्यालयले पुर्व स्वीकृत कार्यक्रम अनूसार योजना सञ्चालन गरी सो अनूसार बजेट खर्च गर्नुपर्दछ । कार्यालयबाट भएको वित्तीय समानिकरण पुँजीगत खर्चको चौमासिक खर्च स्थिति निम्न अनूसार छ ।

| उप शिर्षक | कुल खर्च | प्रथम चौमासिक रकम | दोस्रो चौमासिक रकम | तेस्रो चौमासिक रकम | आषाढ महिना |
|---|---|---|---|---|---|
| वित्तिय समानिकरण | ३८३३०००७४ | ७१८२८९५७ | ७५०७१७६० | २३६३९९३५७ | ९५१६२०५३ |

उपर्युक्त तालिका बमोजिम तेस्रो चौमासिकमा कुल खर्चको ६१.६७% र आषाढमा २४.८२% खर्च भएको देखिएकोले आ.ब.को अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मुल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्न सक्दछ । तसर्थ चौमासिक कार्यक्रम र लक्ष्य वमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

९. यस वर्ष शुरुमा नगरसभावाट पारित भएका योजनाहरु विभिन्न समयमा नगर कार्यापालिकाको बैठकबाट थप गरी निर्माण भएका छन । नगरसभावाट एकमुष्ठ रुपमा पारित गरिएका पूजीगतको निर्माण योजनातर्फ रु.१७०६२९७१८।०० वरावरको बजेट विनीयोजन भएकोमा रु.१८२७३०२९३।०० खर्च भएको विवरणवाट देखिन्छ । यो खर्च मध्ये रु ७६१०४२३९।०० सडक निर्माण डोजरको माध्यमबाट ट्र्याक खोल्ने कार्य भएको देखिन्छ । उपभोक्ता समितिको योगदान समेत लगाई निर्माण कार्य गर्ने मनसायका साथ ल्याइएको उपभोक्ता समितिद्वारा निर्माण कार्य गराउने अवधारणा पूर्ण रुपले कार्यान्वयन भएको देखिएन । अधिकांश बजेट ट्र्याक खोल्ने मात्र कार्यमा प्रयोग भएवाट योजना विभिन्न क्षेत्रमा समानुपातिक रुपमा छनौट भै प्रभावकारी रुपमा संचालन भएको छ भन्न सक्ने अवस्था देखिएन ।

१०. **सर्भे तथा डिजाइन खर्च :** ईन्जिनियर सव इन्जिनियर  असिष्टेन्ट, सव ईन्जिनियरहरुले विभिन्न सडक लगायतका योजनाहरुको सर्भे र डिजाइन बापत निम्न योजनामा रु ९२८०००.०० प्राविधिक कर्मचारीलाई सर्भे डिजायनको रकम भुक्तानी गरेको देखिएकोले यस्तो कार्य सम्पादनमा विश्वसनीयता हुन सकिएन । यस्तो खर्चको नियन्त्रण हुनुपर्दछ ।

| **गो.भौ.नं. मिति** | **सर्भे गरेका योजनाको विवरण** | **जम्मा भुक्तानी** |
|---|---|---|
| २६७/०७५/२/२२ | हस्पीटल गेटवाट हुम्सीका सडक सर्भे | १६१०००.०० |
| २६७/०७५/२/२२ | वोखिम अहाले मान्द्रे हुदै गुप्तेश्वर सडक सर्भे | ६६७०००.०० |
| ४१२/०७५/३/२६ | वालचिण्डा अखुवाखोला सडक सर्भे | १०००००.०० |
| | **जम्मा** | **९२८०००.००** |

११. **मालसामान उपभोक्ता समितिबाट खरिद गर्ने गरेको :** सार्वजनिक नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधिमा एक करोड रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेस हुनेछ भन्ने व्यवस्था र उपनियम (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जन सहभागिता को अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिका कार्यालयले निर्माण कार्य नभै विद्युत विस्तारका  रु. ११३१५३४६।०० को निम्नानुसारको खरिद कार्य आ.व. को अन्तमा आएर उपभोक्ता समितिवाट गराएको देखियो ।  यसरी उपभोक्ता समितिवाट खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| **गो.भौ.नं. मिति** | **विद्युतका सामान खरिद भएको वडा** | **खरिद गरिएको सम्वन्धित पार्टी** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २२९/०७५/३/४ | वडा नं.३ | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | ३७१७४९०.०० |
| ४४४/०७५/३/२९ | वडा नं. ३ | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | ३५६२४९.०० |
| ३५३/०७५/३/१७ | वडा नं. २ | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | २०९७५४.०० |
| ४२०/०७५/३/२७ | वडा नं. ४ | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | ४०२०८४२.०० |
| ३१५/०७५/३/०७ | वडा नं. ५ | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | १३४१०११.०० |
| ४०९/०७५/३/२६ | वडा नं. १० | सिहवाहिनी इञ्जिनियरिङ वर्क्स प्रा.लि | १६७००००.०० |
| | **जम्मा** | | **११३१५३४६.००** |

१२. **पिपलवोट हेलीडाडा सडक स्तरोन्नती :** लागत इष्टिमेट रु २६४८८६१३।०० भएको यस सडक स्तरोन्नती गर्ने कार्यको निर्माण व्यवसायी मार्सेली निर्माण सेवाको कवोल अंक रु २६४८८६१३।०० मा मिति २०७४।३।३१ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०७४।१।२४ मा सम्झौता गरेको देखियो । गतवर्ष दोश्रो रनिङ विलसम्म रु ११९५८८४२।०० भुक्तानी भएको र यस वर्ष अन्तिम विलसम्मको रु १४८६९६४०।०० समेत गरी कुल रु २६८२८४८२।०० सम्झौता भन्दा बढी रु ३३९८६९।०० भई मिति २०७४।५।२९ मा सम्पन्न भएकोमा मिति २०७४।४।९ को रु ६६३१०७।०० को भेरियसन नगर प्रमुखबाट स्वीकृत गरी अन्तिम पटकको भुक्तानी रु २०७४।११।१८ मा भएको देखिन्छ । यसरी पटक पटक म्याद थप तथा भेरियसन आदेश थप भएबाट निर्मित संरचनाबाट समयमानै सेवा सुविधा प्राप्त गर्न सकेको अवस्था देखिएन ।

१३. यस नगरपालिकाका लागि नगरसभावाट बडागत र नगरपालिका कार्यालयवाट नै योजनाहरु तर्जुमा गरी संचालन गरेको देखियो । यसरी वडागत रुपमा र कार्यालयबाट समेत योजना छनौट हुदा योजना दोहोरो पर्ने, चालु र पूजिगत प्रकृतिका योजनाहरु समावेश हुने, अत्याधिक रुपमा योजनाहरु संचालन हुने भएबाट भएको खर्च स्पष्ट देखिने गरी संरचनामा बजेट व्यवस्था भएको देखिएन । योजना तर्जुमा र संचालन प्रकृयामा सुधार हुनुपर्दछ ।

| वडा | वडागत छुटयाएको रकम |
|---|---|
| १ | ५१००००० |
| २ | ५१००००० |
| ३ | ६३००००० |
| ४ | ६३००००० |
| ५ | ६३००००० |
| ६ | ५०००००० |
| ७ | ५०००००० |
| ७ | ५०००००० |
| ८ | ५०००००० |
| ९ | ०.०० |
| १० | ६३००००० |
| ११ | ६३००००० |
| १२ | ६३००००० |

१४. **मर्मत अभिलेख वेगर मर्मत :** सवारी साधन र चल्ती मेशिनरी औजारहरुको मर्मत गर्दा महालेखा परीक्षकको फाराम नं. २ मर्मत अभिलेख फाराम प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यालयमा प्रयोगमा रहेको ल्याण्ड रोभर गाडी नम्बर वा१झ९८०३ मर्मत गर्दा म.ले.प फाराम नं. २ प्रयोग गरेको देखिएन र यसरी म.ले.प.फा नं. प्रयोग नगर्दा विगत वर्षहरुमा उक्त मर्मतमा भएको खर्चको स्थिति यकिन भएन । यस वर्ष मात्र मर्मत अभिलेख वेगर निम्नानुसारको मर्मत खर्च नियमित नदेखिएको रु. **२०२५८५७.००**

| गो.भौ.नं. मिति | कार्यक्रम को नाम | भुक्तानी पार्टी | भुक्तानी रकम |
|---|---|---|---|
| ६/०७५/३/२९ | मर्मत सम्भार र कोष | डेल्टा मोटर्स वर्कस प्राली | २२६०००.०० |
| २०५/०७५/३/१ | ८०११५३२ | डेल्टा मोटर्स वर्कस प्राली | १२६१६४ |
| १२४/०७५/३/१ | समानिकरण चालु | डेल्टा मोटर्स वर्कस प्राली | ४९००००.०० |
| १३१/०७५/१/२३ | सर्शत अनुदान | दुर्गा भवानी वर्कस प्राली | ४८५०९.०० |
| ११८/०७५/२/२८ | वित्तीय समानीकरण चालु | डेल्टा मोटर्स वर्कस प्राली | ४८५८९०.०० |
| १४३/०७४/१२/४ | बसपार्क जोडने सडक | डेल्टा मोटर्स वर्कस प्राली | १००३००.०० |
| २/०७४/४/२९ | समानिकरण चालु | सप्रिदी ट्रेडिग | २२५२०५.०० |
| ३५/०७५/९/१८ | समानिकरण चालु | दुर्गा भवानी अटो ट्रेडिग | ३२३७८९.०० |

| | | | | |
|---|---|---|---|---|
| | | **जम्मा** | | २०२५८५७.०० |

१५. **विना प्रतिस्पर्धा खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५०००००।०० देखि २००००००।०० लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । उपर्युक्त ऐन अनुसार खरिद योजना वनाई एकमुष्ट खरिद गर्नु पर्नेमा कार्यालयले निम्न भौचर र मिति वाट विभिन्न फर्महरुबाट पटक पटक साझै रु ३२७०७६५४।०० को खरिद गरेको देखियो । खरिद कार्य गर्दा नियमको पालना गर्नु पर्दछ ।

| गो.भौ.नं. मिति | कार्य | निर्माण व्यवसायी | रकम (मू.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|
| ३/०७४/५/२७ | टहरो निर्माण कार्य | आयुषा अर्गनाइजेशन प्रा.ली | ४९८७३२.०० | समानिकरण पूजीगत |
| ५/०७४/६/४ | अफिस कम्पाउण्डको फटट्ल निर्माण | एकजुट कन्ट्रक्सन सर्भिस प्रा.ली | ४९८०७८.०० | समानिकरण पूजीगत |
| १६/०७४/७/१९ | एप्रोजरोड मेन्टेनन्स कार्य | लक्ष्मी निर्माण सेवा | ४९९०८८.०० | समानिकरण पूजीगत |
| ३८/०७४/९/१८ | वसपार्क खाल्सीमा ग्यावियन भर्ने | शर्मा निर्माण सेवा | ४८७१७०.०० | समानिकरण पूजीगत |
| ५८/०७४/१०/०२ | मोर्स कुलो स्लाप निर्माण | लक्ष्मी निर्माण सेवा | ४८५८९०.०० | समानिकरण पूजीगत |
| ११३/०७४/११/३० | मध्यपहाडी वाटोदेखि हिरीधारा रोड निर्माण | मकालु निर्माण सेवा | ४८५८९०.०० | समानिकरण पूजीगत |
| १४३/०७४/१२/४ | बसपार्क जोडने सडक | मकालु निर्माण सेवा | ४८२८९७.०० | समानिकरण पूजीगत |
| १४४/०७४/१२/४ | कार्यालय परिसर तारवार | शक्ति निर्माण कन्ट्रक्सन | ४८४२२१.०० | समानिकरण पूजीगत |
| १५२/०७४/१२/५ | सिद्धकाली मन्दिर जाने सिढी निर्माण | एरोमा कन्ट्रक्सन | ४८४२२१.०० | समानिकरण पूजीगत |
| १८१/०७५/१/२५ | ११ नं. वडाको खानेपानी कार्य | मञ्जुशी सप्लाएर्स | ३९३१२७.०० | समानिकरण पूजीगत |
| १९४/०७५/१/२७ | सातघरे सडक स्तरोन्नती | चोमोलङ निर्माण सेवा | ४८६८८६.०० | समानिकरण पूजीगत |
| २०५/०७५/२/८ | जम्बुचोक रगंशाला सडक स्तरोन्नती | तुफान निर्माण सेवा | ३९९३९६.०० | समानिकरण पूजीगत |
| २१२/०७५/२/८ | रैकर टोट डाडा सडक निर्माण | मोक्तान निर्माण सेवा | ४८६२१७.०० | समानिकरण पूजीगत |
| २१३/०७५/२/८ | बालमन्दिर भवन मर्मत | मुकारुङ कन्ट्रक्सन | ४९८५७९.०० | समानिकरण पूजीगत |
| २१८/०७५/२/९ | हिले भञ्ज्याङ भ्रामक सडक | जयबुद्ध शेर्पा निर्माण सेवा तथा सप्लाएर्स | ३८८६५६.०० | समानिकरण पूजीगत |
| २६६/०७५/२/२२ | कोटडाडा पारपानी सडक | बुद्ध निर्माण सेवा | ५०३५३७.०० | समानिकरण पूजीगत |
| २७५/०७५/२/२४ | धुवावारी ओजरे सिमलवोडे | विजय निर्माया सेवा ध्याम्के विजय सप्लाएर्स | ३९८९०२.०० | समानिकरण पूजीगत |
| २७६/०७५/२/२४ | धुवावारी ओजरे सिमलवोडे | विजय निर्माया सेवा ध्याम्के विजय सप्लाएर्स | ३९०४२०.०० | समानिकरण पूजीगत |
| २८३/०७५/२/२७ | रैकाकोटडाडा सडक स्तरोन्नती | सप्तकोशी कन्ट्रक्सन | ४९४३४७.०० | समानिकरण पूजीगत |
| २९८/०७५/३/०४ | हटिया छेउको सडक निर्माण | बुद्ध निर्माण सेवा | ३७७६११.०० | समानिकरण पूजीगत |
| ३०४/०७५/३/५ | कुनसिलिङ गुम्वा कम्पाउण्ड | बुद्ध निर्माण सेवा | २९२१८४.०० | समानिकरण पूजीगत |
| ३२०/०७५/३/८ | आम्तेक भोजदा सडक स्तरोन्नती | जलसिहदेवी निर्माण सेवा | ४७४५४६.०० | समानिकरण पूजीगत |
| ३२२/०७५/३/८ | आम्तेक भोजदा सडक स्तारोन्नती | ग्लोवल इन्जिनियरिङ कन्ट्रक्सन | ४८४३६५.०० | समानिकरण पूजीगत |
| ३२६/०७५/३/११ | भञ्ज्याङ पानी टंकी सडक मर्मत | विदुर निर्माण सेवा | ४९८७७८.०० | समानिकरण पूजीगत |
| ३२८/०७५/३/११ | ४ नंबर कडा कार्यालय जानेवाटो | एस एण्ड एस कन्ट्रक्सन | ३९९५१६.०० | समानिकरण पूजीगत |
| ३३६/०७५/३/१३ | आम्तेक भोजदुर बाद्रभुडे कुलो स्त | क्षेमादेवी निर्माण सेवा | ४८३५२३.०० | समानिकरण पूजीगत |
| ३९७/०७५/३/२४ | रुपाङ्गो दवीथान सडक | भिमेश्वर निर्माण सेवा | १९९७१५.०० | समानिकरण पूजीगत |
| ४०७/०७५/३/२५ | हिले भञ्ज्याङ सडक | खिम्दुङ निर्माण सेवा | ४८६१२८.०० | समानिकरण पूजीगत |
| ४२८/०७५/३/२८ | जाल्पादेवी सडक स्तरोन्नती | एस.एन पि एन निर्माण सेवा | ४९८८९२ | समानिकरण पूजीगत |
| ४३१/०७५/३/२८ | धापखर्क माभुङ हुदै हेलौछो जोडने | मकालु निर्माण सेवा | ४५००००.०० | समानिकरण पूजीगत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सडक | | | | |
| | ४४३/०७५/३/२९ | वेलडाडा मञ्वा सडक | भीमसेन निर्माण सेवा | ४९९१९५.०० | समानिकरण पूजीगत | |
| | ४५५/०७५/३/३१ | बद्ध मन्दिर पूर्वाधार निर्माण | यडी विल्डर्स | ४९८४२२.०० | समानिकरण पूजीगत | |
| | ४५६/०७५/३/३१ | सार्वजनिक सौचालय सौदाचोक | कुन्सालिङ्ग कनट्रक्सन | २२९७८९.०० | समानिकरण पूजीगत | |
| | ३३/०७४/९/१२ | ल्यापटक लगायत कार्यालय समान | रोज फर्निचर तथा आइटी कर्न्नर | ३१०९२७.०० | समानिकरण पूजीगत | |
| | ४४/००७४/९/२१ | हटिया व्यास्थापनका लागि भाटो परीक्षण | ट्रसवल मेजरमेन्ट प्रा.ली | ४९९४६०.०० | समानिकरण पूजीगत | |
| | ५७/०७४/१०/२ | हटिया व्यवस्थापना लागि भवन निर्माण डिजाइन | इञ्जिनियर रिमिजीटडे प्रा.ली | ४९४२१७.०० | समानिकरण पूजीगत | |
| | १२५/०७४/११/२९ | ल्यापटक इन्भटर खरिद | डिजीटल आइटी कन्भर लोटस सोलार क.प्रा.ली | १९३४७६.०० | समानिकरण पूजीगत | |
| | १३२/०७४/११/२९ | फर्निचर तथा मेशीनरी सामान | रोज फर्निचर तथा एलिसा सप्लाएर्स | २७०५२२.०० | समानिकरण पूजीगत | |
| | १४१/०७४/१२/१ | मोटर साइकल खरिद | गजुरमुखी ट्रेर्ड एण्ड सर्भिस | ४३५८०००.०० | समानिकरण पूजीगत | |
| | १५५/०७४/१२/७ | कार्यालय समान | लाक्पा सप्लाएस पिन्टीङ प्रेस | १९९७६७.०० | समानिकरण पूजीगत | |
| | २००/०७५/१/२ट | फर्निचर तथा मेशीनरी | रोज फर्निचर उद्योग र इलेक्ट्रोनिक्स होम | ३६४२२६.०० | समानिकरण पूजीगत | |
| | २११/०७५/२/८ | फर्निचर तथा मेशीनरी | रोज फर्निचर उद्योग र इलेक्ट्रोनिक्स होम | २९३६५१.०० | समानिकरण पूजीगत | |
| | २५०/०७५/२/१८ | फर्निचर तथा मेशीनरी औजार | जुवान एण्ड ब्रर्दश र जि एण्ड वी इन्टरप्राइजेज | ८९६६९८.०० | समानिकरण पूजीगत | |
| | ३५८/०७५/३/१७ | फर्निचर तथा मेशीनरी औजार | रोज फर्निचर तथा सेभेन | ११९२५१.०० | समानिकरण पूजीगत | |
| | ३८६/०७५/३/२१ | फर्निचर तथा मेशीनरी औजार | रोज फर्निचर उद्योग | २९७०००.०० | समानिकरण पूजीगत | |
| | ४२३/०७५/३/२७ | जेनेरेटर ग्यारेज र ड्रम | एलिसा सप्लाएर्स न्यू गुरु चेलो ग्रिल उद्योग | १०१८५९.०० | समानिकरण पूजीगत | |
| | ४२४/०७५/३/२७ | कार्यालय सामान | रोज फर्निचर र ज्ञान बहादुर क्षेत्री | १६०५२६.०० | समानिकरण पूजीगत | |
| | ४३४/०७५/३/२८ | विभिन्न कार्यालय समान | लक्ष्मी हार्डवेयर लगायत फर्मबाट | २५०३००.०० | समानिकरण पूजीगत | |
| | ४२६/०७५/३/२८ | टि.भी खरिद | लाक्पा सश्प्लाएर्स डिजीटल आइटी कर्नर | १२२०००.०० | समानिकरण पूजीगत | |
| | ४४०/०७५/३/२७ | मोटर साइकल ११ वटा | गजुरमुखी ट्रेड एण्ड सर्भिस लि. | ३२०२०६८.०० | समानिकरण पूजीगत | |
| | ४४५/ट७५/३/२९ | ल्यापटप, टेस्कटप, पिन्टर लगायत | जि.एल इनफोसिस | ४८६३५६.०० | समानिकरण पूजीगत | |
| | ४४७/०७५/३/३१ | स्टील दराज चिया टेबल | चादनी कार्पेट एण्ड डेकोटे | ४९१७१५.०० | समानिकरण पूजीगत | |
| | ४५३/०७५/३/३१ | ल्यापटप फर्निचर लगायत विभिन्न | रोज फिर्निचर डिजीटल आइच्र आइटी | ५६२७३०.०० | समानिकरण पूजीगत | |
| | ४५४/०७५/३/३१ | फर्निचर लगायत | रोज फर्निचर उद्योग | २४८०३५.०० | समानिकरण पूजीगत | |
| | ४६२/०७५/३/३१ | सोलर इन्भटर मोटरसाइकल सामान | लाक्पा सप्लाएर्स निर्मला ट्रेडस | ३८६०४४.०० | समानिकरण पूजीगत | |
| | ४७१/०७५/३/३२ | ढल निकासा लागि भ्याकुम्प पम्प सहित | केशरी चन्द्र वनवारीलाल | ३८५७८२.०० | समानिकरण पूजीगत | |
| | ९८/०७४.११.१६ | मेशिनरी औजार | म्याट्रिक्स सफ्टेक प्रा.लि. काठमाण्डौ | ३२१४८५.०० | ससर्त अनुदान | |
| | ९९/०७४.११.२३ | औषधी | ओॅम सर्जिकल एण्ड मेडिसिन सप्लार्यस, काठमाण्डौ | १०९१५८.०० | ससर्त अनुदान | |
| | ,, | ,, | ह्लेसी मेडिसिन सप्लायर्स, ललितपुर | २००४७१.०० | ससर्त अनुदान | |

| | | | | |
|---|---|---|---|---|
| ९५/०७४.११.३ | औषधी | रानी लक्ष्मी सप्लायर्स धरान | ४११०६०.०० | ससर्त अनुदान |
| ११७/०७४.१२.७ | औषधी | लक्ष्मी फर्मा डिष्ट्रिव्युटर , धरान | २९२८४७.०० | ससर्त अनुदान |
| ११५/०७४.१२.७ | औषधी आयुर्वेद | पशुपतिनाथ आर्युवेद भवन, शिवनगर, रौतहट | ३९९२९५.०० | ससर्त अनुदान |
| १३१/०७५.१.२३ | औषधी | अशु मेडिसिन डिष्ट्रिव्युटर, धरान | ३९९८७०.०० | ससर्त अनुदान |
| १९६/०७५.३.२४ | औषधी आर्युवेद | भरदवाज आर्युवेद औषधालय, रौतहट | १४१३७५.०० | ससर्त अनुदान |
| २०३/०७५.३.२७ | | ओम सर्जिकल कन्सर्न प्रा.लि. काठमाण्डौ | ४९६५६४.९४ | ससर्त अनुदान |
| ८३/०७५.२.८ | औषधी (पशु) | सरु फर्मा भेट, विराटनगर | ४५००००.०० | वित्तिय समानिकरण चालु |
| | **जम्मा** | | **३२७०७६५३.९४** | |

१६. **रित पुर्वकको कर विजक नभएको :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले निम्न फर्मबाट भएको कारोबारमा रितपुर्वकको कर विजक नभएकोले मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्ने अन्यथा भुक्तानी भएको मूल्य अभिवृद्धी कर रकम असुल गर्नुपर्ने देखिएको रु **१०१०११९.००**

| **कार्यक्रम नाम** | **गो.भौ.नं. र मिति** | **कृयाकलाप** | **सम्बन्धित पार्टीको नाम** | **भुक्तानी रकम** | **मु.अ.कर** |
|---|---|---|---|---|---|
| पूजीगत | ४५९/०७५/३/३१ | शनिवारे हलिया भवन निर्माण | एस.एन.पि. निर्माण सेवा | ४०८०९२६ | ४६९४८७.०० |
| | २७५/०७५/२/२४ | धुलावारी ओडारे सिमन्नवाटे सडक | विजय निर्माण सेवा टयाम्के विजय सप्लाएर्स | ३९८९०२.०० | ४५८९१.०० |
| | २२१/०७५/२/२४ | क्मर्डहल निर्माण | बद्ध निर्माण सेवा | १३३६५०० | १५३७५७.०० |
| | ४१७/०७५/३/२६ | धपखर्क भामाङ हेलौछा सडक स्तरी | बद्ध निर्माण सेवा | १०३०४९९.०० | ११८५५३.०० |
| सडक बोर्ड | | | तुफान निर्माण सेवा | १९३३४४१.०० | २२२४३१.०० |
| | | | **जम्मा** | **८७८०२६८.००** | **१०१०११९.००** |

१७. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च गर्दा खर्चको विल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले द्वन्द पिडीत प्रोफायल तयार गरी सञ्चालित तालीम गोष्ठी कार्याक्रममा निम्नानुसारका व्यक्तिहरुलाई भत्ता वितरण गरेकोमा सम्वन्धितले बुझेको भरपाई पेश नभएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु **५०००.००**

| **गो.भौ.नं. मिति** | **सम्वन्धित व्यक्ति** | **नबझेको भत्ता रकम** |
|---|---|---|
| ११७/०७४/११/२१ | ने.प.महासंघ अर्जुन वस्नेत | १०००.०० |
| | प्राध्यापक शक्तिराज राई | १०००.०० |
| | द्वन्द पिडीत इश्वरी प्रसाद ढकाल | १०००.०० |
| | द्वन्द पिडीत अनोज कार्की | १०००.०० |
| | द्वन्द पिडीत कमल वस्नेत | १०००.०० |
| | **जम्मा** | **५०००.०** |

१८. आयकर ऐन,२०५८ को दफा ८७,८८. र ८९ तथा आथिक ऐन २०६४ बमोजिम विभिन्न किसिमका भुक्तानीमा विभिन्न दरमा अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारका कारोवारमा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको देखिएन। यसरी अग्रिमरुपमा कट्टी नगरिएको रकम सम्वन्धितवाट असुल गरी दाखिला हुनु पर्ने रु.. **३०१२१.००**

| गो.भौ.नं. मिति | कारोवार विवरण | भुक्तानी पार्टी | भुक्तानी रकम | दाखिला हुनपर्ने अग्रिम कर | कैफियत |
|---|---|---|---|---|---|
| १०७/०७४/११/१५ | पोल ढुवानी | मेरीगोल्ड ट्रेड एण्ड सप्लाएर्स | १०००००.०० | १०००.०० | १०% |
| ८ ०/०७४/११/०३ | चोमालुङ सडक स्तरन्नती | सम्वन्धित सडक निर्माण उ.स | ६४१३०.०० | ६४१३.०० | १०% |
| ८०/०७४/११/०३ | सप्तधारादेखि स्वामी चोक सडक | सम्वन्धित सडक निर्माण उ.स | ४३८७०.०० | ४३८७.०० | १०% |
| ८०/०७४/११/०३ | हिरा काजी श्रेष्ठको घर नजिक वावडे सडक | सम्वन्धित सडक निर्माण उ.स | ७७७१५.०० | ७७७१.०० | |
| ९५/०७४/११/०९ | भोजपुर डाडा बजार | सम्वन्धित सडक निर्माण उ.स | ८४३०.०० | ८४३.०० | |
| २३८/०७५/३/१४ | किरात यायोक्खा भवन निर्माण | सम्वन्धित सडक निर्माण उ.स | ९७०६८.०० | ९७०७.०० | |
| | | **जम्मा** | | **३०१२१.००** | |

१९. **वचत तथा ऋण सहकारी संस्थालाई अनुदान**

नगरसभाले वार्षिक योजना तथा कार्यक्रम पारित गरी सो अनुसारका योजना कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यस कार्यालयले निम्नानुसारका वचत तथा ऋण सहकारी संस्थालाई रकम अनुदान रु. १४५०००।०० दिएको देखियो । यस्तो अनुदान प्रदान गर्न मिल्ने नदेखिएको रु. **१४५०००.००**

| गो.भौ.नं. मिति | वचत तथा ऋण सहकारी संस्थाको नाम | दिएको अनुदान रकम | अनुदान प्रयोजन |
|---|---|---|---|
| | सुन्तले लुक तथा वचत सहकारी संस्था | ४००००.०० | कार्यालय व्यवस्थापन खर्च |
| २४१/०७५/२/१४ | हिमचुली महिला वचत तथा ऋण सहकारी | १०५०००.०० | कार्यालय व्यवस्थापन खर्च |
| | **जम्मा** | **१४५०००.००** | |

२०. **वीमा रकम भुक्तानी रीतपूर्वक नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११२ मा वीमा गराउनुपर्ने र उपनियम(१) मा खरिद सम्झौतामा अन्याथा व्यवस्था भएकोमा वाहेक दश लाख रुपौया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरिने सामाग्री मेशीनरी औजार ज्यामी र कर्मचारी समेतको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको वीमा गराएको भएता पनि वीमा गरेको सक्कल वीमा पोलिसी र वीमा वापत भुक्तानी गरेको रकमको सक्कल कर विजक पेश गरेको देखिएन यसरी भएको वीमा वास्ताविक हो होइन यकिन गर्ने आधार नदेखिएको रु **७८३४०.००**

| गो.भौ.नं. मिति | निर्माण कार्यको विवरण | निर्माण रकम | निर्माण व्यवस्थायी | सम्वन्धित वीमा कम्पनी | भुक्तानी वीमा रकम |
|---|---|---|---|---|---|
| १९६/०७५/१/२७ | वोखिम आले भान्द्रेगुप्तेवा सडक | १७८२८५.०० | मुकुल निर्माण सेवा | लुम्विनी जनरल इन्सोरेन्स क.प | ७५०००.०० |
| १९६/०७५/१/२७ | हटिया डम्पीङ साइड सडक स्तर | ३३९४२६१.०० | जयवुद्ध शेर्पा निर्माण सेवा | लुम्विनी जनरल इन्सोरेन्स क.प | ३३४०.०० |
| | **जम्मा** | | | | **७८३४०.००** |

२१. **निर्माण खरिद सम्झौतामा पेश्की दिने प्रतिशत नखुलाई २० प्रतिशत पेश्की दिने गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी फछ्र्यौट गर्ने व्यवस्था र उपनियम(१) मा आपूर्तिकर्ता, निर्माण व्यवसायि वा सेवा प्रदायकलाई ऐनको दफा को अधिनमा रही सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिने सकिने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद सम्झौतामा पेश्की दिन सकिने प्रतिशत उल्लेख नगरी अधिकत्तम पेश्की २० प्रतिशत सम्म दिएको देखियो । यसरी सम्झौतामा पेश्की प्रतिशत उल्लेख नगरी पेश्की दिने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरण निम्न छन :

| गो.भौ.नं. मिति | कार्यको विवरण | सम्वन्धित निर्माण व्यवसायी | कवोल अंक | पेश्की रकम |
|---|---|---|---|---|
| १५९/०७४/१२/०७ | शनिवारे हटिया भवन निर्माण | एस.एन.पि.एस. निर्माण सेवा | १०२१६२८७.०० | २००००००.०० |
| १६५/०७५/१/२३ | हटीया डम्पीङ साइट सडक निर्माण | जयवुद्ध शेर्पा निर्माण सेवा | ३३९४२६१ | ६०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| | धापखर्क भ्राम हेलौचा | बुद्ध शेर्पा निर्माण सेवा | १०३०५१६ | ११९३०००.०० |
| | हस्पीटल गेट हुदै विद्योदय मावि सडक | बुद्ध शेर्पा निर्माण सेवा | ३८६८१९३ | |
| | काट डाडा पारपानी सडक निर्माण | बुद्ध शेर्पा निर्माण सेवा | ५०३७०२ | |
| | | बुद्ध शेर्पा निर्माण सेवा | ११८३५७४ | |

२२. **हेभी मेशिन उपकरण प्रयोग भएको :**
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुहद्धारा गरिने कार्यको लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने अवस्था रहेमा प्राविधिकको शिफारिसमा सार्वजनिक निकायवाट सहमती लिनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिद्धारा हेभी मेशिन प्रयोग गरी गरेको कुनै पनि कार्यमा प्राविधिकको शिफारिस र कार्यालयवाट सहमती लिएको देखिएन । यस्ता प्रकृतिका कार्यहरुका केही उदाहरण निम्नानुसार छन् :

| गो.भौ.नं. मिति | कार्यक्रमको नाम | सम्झौता रकम | भुक्तानी भएको रकम | भुक्तानी मध्ये हेभी मेशीनको कार्य |
|---|---|---|---|---|
| ६५/०७४/१०/२ | आहालडाडा वेतैनो फलाटे सडक | ८०५००५.०० | ४६७५८०.०० | ४६९३३०.०० |
| ६३/०७४/११/२ | पालुवा स्कुल देखि सानोपालुवा सडक | ४६२८०१ | ४०००००.०० | ३०५२५०.०० |
| ६४/०७४/११/२ | पुरानोचौर शर्मिला स्मृती सडक निर्माण | ५१८८६२.०० | ५०००००.०० | ५०००००.०० |
| ७९/०७४/११/३ | गडीगाडा घेदखोला सडक | ४५९६८३.०० | ३४१९०२.०० | ३२९२२०.०० |
| ८०/०७४/११/३ | पञ्चे दोवाटो देखि हात्ती गौडा सडक | ८२८७४३.०० | ८०००००.०० | ८०००००.०० |
| १७३/०७५/१/२३ | एयरपोर्ट भदौरे पारपानी सडक स्तोरन्नती | २३२५९३.०० | २०००००.०० | २०००००.०० |
| २४९/०७५/२/१८ | अम्तेक भोजपुर सडक विस्तार योजना | २५३००१९.०० | ११८१९५२.०० | ११८१९५.०० |

२३. **योजना संशोधन :** नगर कार्यपालिकाको वैठकवाट नगरसभावाट स्वीकृती गरेको निम्नानुसार योजनाहरु संशोधन गरी संचालन गरेको देखियो । यसले गर्दा वार्षिक कार्यक्रम योजना र वजेटको मर्मअनुसार कार्य भएको देखिएन ।

| कार्यपालिकाको वैठक मिति | संचालन हुन नसकेको योजनाको नाम | बजेट रकम | नयाँ साविक योजनामा थप | रकम |
|---|---|---|---|---|
| २०७५/१/२१ | **नगर गुरु योजना** | २५०००००.०० | विभिन्न विषयका १० योजनामा | २४६९०००.०० |
| २०७५/१/२१ | भौतिक पूर्वाधार | ३०००००.०० | देवीथान धारा इन्टेक निर्माण | ७००००.०० |
| २०७५/१/२१ | कन्टिन्जेन्सीवाट | १८९०००.०० | महेन्द्र जनचारा | ५००००.०० |
| २०७५/१/२१ | पूर्वाधार मर्मत योजना | १२६०००.०० | सिपाली भञ्ज्याङ देखि भण्डारी गाउँसडक देवराज शाक्यको घर देखि एयरपोट | ६६०००.०० |
| २०७५/१/२१ | वडा कार्यालय व्यवस्था मौजदात | १०००००.०० | नयाँ वडा कार्यालयको झ्याल ढोका मर्मत कार्य | १०००००.०० |
| २०७४/१२/१९ | गत वर्षको मौजदात र वोलपत्रवाट वचेको रकम | ११०३९२८५.०० | विभिन्न २३ योजनाहरुमा | ११०३९२८५.०० |
| २०७४/८/२९ | जगेडा कोषमा राखिएको रकम सडक वोर्ड नेपालवाट प्राप्त रकमवाट | ३५०००००.०० | विभिन्न नयाँ योजनागत | ३५०००००.०० |

२४. **नगरपालिका कार्यालय भवन निर्माण :** लागत अनुमान रु २०८९७९४९।०० भएको नगरपालिका कार्यालय भवन निर्माणको लागि रु १७७०६९३८।०० कवोल गर्ने ओ.ए.सिस इन्जिनियर्स एण्ड विल्डर्ससंग मिति २०७२।६।२१ मा सम्झौता भएको देखियो । सम्झौता अनुसार लागत अनुमानको १५.२७ प्रतिशत घटी कवोल भएको उक्त निर्माण १८ महिनाभित्र अर्थात २०७३।१२।२० सम्ममा सम्पन्न गर्ने उल्लेख भएकोमा सम्झौतामा तोकिएको समयभित्र भवन निर्माण सम्पन्न भएको देखिएन । नगरपालिका कार्यालयको मिति

२०७४।१।११ को निर्णयानुसार थप व्यवहार नपर्ने गरी २०७३।१२।२१ देखि २०७४।६।२० सम्म म्याद थप गरेको देखियो । सो थप गरेको समयमा पनि भवन निर्माण सम्पन्न हुन नसकेपछि कार्यापालिकाको मिति २०७४।११।२० को निर्णयानुसार उक्त निर्माण कार्यको म्याद २०७५ आषाढ मसान्तसम्म थप गरेको छ । उक्त अवधिभित्र पनि भवन निर्माण कार्य सम्पन्न भएको छैन । उक्त भवन निर्माणमा गत वर्षसम्म पेश्की रु ३३०००००।०० बाहेक रु ५७५०६७९।०० भुक्तानी भएकोमा यस वर्ष रु ८४७४६९०।०० भुक्तानी भै पेश्की समेत रु १७५२५३६९।०० मा पेश्की कट्टा गरी खुद रु १६३५९८८४।०० भुक्तानी भएको छ । यसरी सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताको स्पेसल कण्डीशन अफ कन्टयाक्ट अनुसार इन्टरमेडियट माल्सस्टोनमा ०.०२५ प्रतिशत प्रतिदिन सम्झौता रकमको फाइनल कम्प्लेक्शन मा ०.०५ प्रतिशत प्रतिदिन र अधिकत्तम १० प्रतिशतले सम्झौता रकमको पूर्व निर्धारित क्षतिपूर्ति लिने व्यवस्थाको कार्यान्वयन भएको देखिएन । यसरी स्पष्ट कारण विना पटक पटक म्याद थप गर्ने कार्य उपयुक्त देखिएन ।

२५. **नगरपालिका प्रोफाइल तयार नभएको :** नगरपालिकाको नगरपालिका प्रोफायल तयारी गर्न विभिन्न ३ संस्थासंग मिति २०७५।३। मसान्तसम्म कार्यसम्पादन गरी प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी सम्झौता गरेकोमा सम्झौता अनुसार नगरपालिका प्रोफायल तयार नभएको र सम्झौता अनुसारको रकम गौश्वरा भौचरमा खर्च जनाई सकेको देखियो । कार्यालयले उक्त संस्थाहरुमध्ये सगरमाथा विकास संस्थालाई सम्झौता भन्दा बढी रु १०००।०० समेत गरेको र खुद भुक्तानी रु ६०२१००।०० भएको र बाँकी रकम भुक्तानी नभै मौज्दात नै रहेको भनेता पनि भुक्तानी नभएको यथार्थता यकिन गरी कार्यसम्पन्न नगरी भुक्तानी भएको नियमसम्मत नभएको रु.. **१४९९५००.००**

| भौ.नं. मिति | सस्थाको नाम | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २०४।०७५।१।२८ | सगरमाथा विकास संस्था | ४९९५००.०० | ५००५००.०० |
| ४६५।०७५।३।३२ | विकास र सचेतनाको लागि सामाजिक संस्था | ४९९५००.०० | ४९९५००.०० |
| | हिहल्ड नेपाल | ४९९५००.०० | ४९९५००.०० |
| | **जम्मा** | **१४९८५००** | **१४९९५००** |

**वित्तीय समानिकरण चालु**

२६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थालाई काम गराउने सम्वन्धि व्यवस्था छ । गैर सरकारी संस्थाबाट काम गराउदा मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग पेश भएका संस्थाहरुमध्ये कार्यक्षेत्रगत शर्त पुरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्नुपर्दछ । सामाजिक विकास संस्थालाई निम्नानुसारका तालिम संचालन वापत रु ४५००००।०० भुक्तानी गरेकोमा सो संस्थालाई तालिमको लागि छनौट गरेकोमा सुचना प्रकाशन नगरी विना प्रतिस्पर्धा १ मात्र संस्था छनौट गरी रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु. **४५००००.००**

| गो.भौ.नं. मिति | तालिम व्यहोरा | खर्च रकम |
|---|---|---|
| ३०/०७४/९/१२ | पशुपालन सम्वन्धि तालिम | १५००००.०० |
| ३०/०७४/९/१२ | पशुपालन सम्वन्धि सचेतनामुलक तालिम | १५००००.०० |
| ३४/०७४/९/१८ | बाख्रा पालन सम्वन्धि तालिम | १५००००.०० |
| | **जम्मा** | **४५००००.००** |

२७. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकम भूक्तानी दिदा रीत पुगे वा नपुगेको

जाच गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भूक्तानीमा रु ७४१५४६।०० भूक्तानी गरेको देखिएकोले यस्तो खर्च नियमित नदेखिएको रु — २८८८०९.०

| गो.भौ.नं | मिति | विवरण | रकम |
|---|---|---|---|
| | सशर्त अनुदान | | |
| १३१ | ०७५.१.२३ | गाडी मर्मत गराएकोमा म.ले.प. फा. नं. २ पेश नभएको | ४८५०९.०० |
| | *वित्तीय समानीकरण चालु* | | ० |
| ८४ | ०७५.२.८ | तरकारीको वीउ ७०० सेट रु २००।०० का दरले रु १४००००।०० को खरीद भएकोमा वीलमा समेत सेट उल्लेख भएकोले वीउ खरिदको परिमाण नखुलेको | १४००००.०० |
| ११८ | ०७५.२.२८ | गाडी तथा डोजर मर्मत भूक्तानी भएकोमा मर्मतको म.ले.प. फा. नं. २ पेश नभएको | १००३००.०० |
| | | **जम्मा** | **२८८८०९.००** |

२८. जिल्ला अस्पताल भोजपुरको तिर्न वाकी खानेपानी महसुलमध्ये रु १८५०००।०० र गौ.भौ.नं. २०२ मिति ०७५।३।२७ वाट रु ८००००।०० सिलिचुङ खानेपानी उपभोक्ता समितिलाई भूक्तानी गरेकोमा मासिक तिर्नुपर्ने महसुल तिर्न बाकि अवधि र तिर्न वाकीमध्ये कति रकमको भूक्तानी गरिएको भूक्तानी दिनु पर्ने दायित्व यकीन नगरी भूक्तनी भएकोमा दायित्व यकीन गरिनु पर्दछ ।

२९. प.चि रोहित कुमार कार्की को रु १४६५५००।०० पेश्की फछ्र्यौट गर्दा देहाय अनुसार पाइयो ।

२९.१. आयकर ऐन २०५८ को दफा ८८ अनुसार ढुवानीमा १० प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख भएकोमा देहाय फर्महरुलाई ढुवानी वापत रु १००९००।०० भुक्तानी भएकोमा अग्रिम वहाल कर कट्टी नभएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु — **१००९०.००**

| सि.नं | सम्वन्धित पाटी | ढुवानी रकम | वहाल रकम |
|---|---|---|---|
| १ | गणेश ढुवानी सेवा | १९५००.०० | १९५०.०० |
| २ | न्यू साथीभाई ढुवानी सेवा | ८१४००.०० | ८१४०.०० |
| | जम्मा | १००९०० | १००९० |

२९.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ वमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मु.अ कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले न्यू साथीभाई ढुवानी सेवालाई रु ८१४००।०० रकम भुक्तानी गरेकोमा उक्त फर्म मु.अ.करमा दर्ता नभएका संग खरिद कार्य गरेको नियमित नदखिएको रु... — **८१४००.००**

२९.३. अर्थ भन्त्रालय कार्यसंचालन निर्देशिका २०७४ को वुदा नं. ७.१, १५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सवै प्रकारका तालिममा श्रोतव्यक्ति, प्रशिक्षक सम्वन्धित कार्यालयले संचालित गरेको तालिममा सोही कार्यालयको श्रोतव्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । कार्यालयले संचालन गरेको पशुपालन सम्वन्धि तालिममा कार्यालयका देहायका कर्मचारीहरुलाई कक्षा लिए वापत रु ७७००।०० भुक्तानी गरेको पाइएकोले उक्त रकम असुल गर्नुपर्ने रु.. — **७७००.००**

| कार्यक्रमको नाम | प्रशिक्षण कर्मचारीको नाम | भुक्तानी रकम कक्षा र कार्यपत्र वापत | असुल हुनुपर्ने रकम |
|---|---|---|---|
| गाई, भौसी, बाखा, वगुर, कुखुरा पालन तालिम | प.चि. धनराज राई | १९००.०० | ७००.०० |
| गाई, भौसी, बाखा, वगुर, कुखुरा पालन तालिम | प.चि. रोहित कुमार कार्की | ११४००.०० | ४२००.०० |
| कृषक तथा पसु प्रविधिक हरुको एक दिने जैविक सुरक्षा तालिम | प.चि. धतराज राई | १९००.०० | ७००.०० |
| कृषक तथा पसु प्रविधिक हरुको एक दिने जैविक सुरक्षा तालिम | प.चि. रोहित कुमार कार्की | ५७००.०० | २१००.०० |
| | **जम्मा** | | **७७००.००** |

३०. **विल भरपाइ भन्दा वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको

| | | |
|---|---|---|
| | भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। निम्नानुसार वील भरपाई भन्दा वढी भूक्तानी भएको देखियो। यसरी बढी भुक्तानी रकम असुल उपर गरी वैक दाखिला हुनुपर्ने रु | १९१६६.३३ |

| कार्यक्रम | गो.भौ.नं. मिति | व्यहोरा | रकम |
|---|---|---|---|
| शसर्त अनुदान | १११/०७४.१२.२ | घर धनी डम्वर वहादुर श्रेष्ठलाई ०७४ फाल्गुण महिनाको घर भाडा पाउनु पर्ने भन्दा वढी भूक्तानी भएकोले अशुल गरी वैक दाखिला गर्ने। | १९१६६.३३ |
| | | जम्मा | १९१६६.३३ |

| | | |
|---|---|---|
| ३१. | डिजिटल नागरीक वडापत्र तयारी जडान तथा टेलिभिजन जडान कार्य गरे वापत मेट्रिक्स सफ्टेक प्रा.ली लाई रु.२२६५६५।०० भुक्तानी गरेकोमा उक्त खर्च सेवा र परामर्श शीर्षक बाट खर्च लेख्नु पर्नेमा सञ्चार महसुल शीर्षकवाट खर्च लेखेको अनियमित देखिएको रु. | **२२६५६५.००** |
| | **समाजिक सुरक्षा तर्फ** | |
| ३२. | **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनपर्दछ। निम्न पदाधिकारीको नाममा आर्थिक वर्षको अत्यसम्म फछ्र्यौट नभई बाँकी रहेको निम्न रकम नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | **३००००.००** |

| गो.भा.नं. मिति | पेश्की विवरण | पेश्की लिने व्यक्तको नाम | पेश्की |
|---|---|---|---|
| ०७४/६/६ | सामाजिक सुरक्षा भत्ता वितरण | वडा अध्यक्ष कुमार प्रसाद श्रेष्ठ | ३००००.०० |
| | | जम्मा | ३००००.०० |

| | | |
|---|---|---|
| | **आन्तरिक आय :** | |
| ३३. | **कोषमा रकम जम्मा गर्ने सम्वन्धमा:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आर्थिक वर्षमा खर्च हुन नसकी वाकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाउँपालिका तथा नगरपालिकाको संचित कोष खातामा स्वतः जम्मा (ट्रान्सफर) हुनेछ भन्ने व्यवस्था रहेको छ। तर नगरपालिकाले साल तमामीको अन्त्यमा निम्नानुसारको रकम संचित कोष खातामा ट्रान्सफर नगरी सम्वन्धित खातामा नै वाँकी राखेको उक्त रकम मिति २०७५।४।१ मा संचित कोषमा दाखिला गरेको कार्यालयको भनाई रहेको छ। | |

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | चालु खर्च खाता | ४६७८७१८।५० |
| २ | पुजीगत खर्च खाता | ३१२७०७।०० |
| ३ | आन्तरिक कोष खाता | ८९२६९०४।१५ |
| ४ | आन्तरिक कोष खर्च खाता | १३०६१८९।०० |

| | | |
|---|---|---|
| ३४. | भोजपुर न.पा. ७ वस्ने अम्वर राइले हटिया कर वापत वार्षिक ३२५०००।०० बुझाउने गरी आय सम्झौता गरेकोमा निजले ०७५।७।१३ मा रु १५८७५०।०० मात्र बुझाएको पाइयो। बाँकी रकम रु १६६२५०।०० मा सम्झौता वमोजिम १० प्रतिशत हर्जना ५ महिना १५ दिनको ७६२०।०० सम्झौताको बुदा ५ अनुसार १.५ प्रतिशत अग्रिम कर रु ४८७५।०० र १३ प्रतिशत मुल्य अभिवृद्धिकर रु ४२२५०।०० समेत रु २२०९९५।०० असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु | २२०९९५.०० |
| | **वित्तीय जवाफदेहिता :** सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन / विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४० अंक प्राप्त गरी ग्रेड डि प्राप्त गरेको पाइएको छ। उक्त विषयहरुमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ। | |
| | **बेरुजू -** भोजपुर नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.२ लाख ९३ हजार, अनियमित बेरुजू रु.४७ लाख १७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२४ लाख ८५ हजार र पेश्की बाँकी देखिएको रु..३० | |

समेत रु.७५ लाख २५ हजार बेरुजू कायम भएको छ। कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएको छैन।

**अनुगमन तथा मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले सम्परीक्षणको लागि च.न ३०० मिति २०७५।८।७ को पत्रवाट रु. ११२१३६८६।८६ को वेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा रु. ११२१३६८६।८६ सम्परीक्षण भएको छ।

| गत वर्षको बेरुजु रकम (रु.) | दफा नं. | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| ११८९६७८४.३६ | १.१.,४.१,१.६ | ११२१३६८६.८६ | ६८३०९७.५० |

**अद्यावधिक बेरुजु स्थिति :** भोजपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|
| ६८३०९७.५० | **0.0** | ७५२५३३७.१७ | ८२०८४३४.६७ |

अनुसूची- १

# भोजपुर नगरपालिकाको  बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | भोजपुर | भोजपुर न.पा | २० | १७ | ७५२५ | | | | २० | १७ | ७५२५ | २९३ | ४७१७ | २४८५ | ० | ० | ७३९५ | ३० | | ३० |

अनुसूची- २

# भोजपुर नगरपालिकाको सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | भोजपुर न.पा | भोजपुर | ३६१०२ | २०९१०८ | १६४७९६ | ७३९२२ | ४४७८२६ | २५५०५४ | १९२३१७ | १३५७७ | ४६०९४८ | २२९८० |